# बुटवल पावर कम्पनी लिमिटेड
# बिशेष साधारण सभाको सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०६/३१ (तद्नुसार अक्टोवर १७, २०२५) मा बसेको बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बिशेष साधारण सभा बस्ने भएको हुँदा उक्त सभामा उपस्थितका लागि सबै शेयरधनीहरूलाई अनुरोध गरिन्छ ।

**<u>साधारण सभा हुने मिति, स्थान र समय :</u>**

मिति : २०८२ कार्तिक २१ गते शुक्रवार (तद्नुसार नोभेम्बर ७, २०२५) ।
स्थान : क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

**<u>छलफलका विषयहरू :</u>**

१. हिमाल पावर लिमिटेडमा रहेको Statkraft Holding Singapore Pte. Ltd. र Eviny AS को संपूर्ण शेयरहरू खरिद गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव ।
२. कावेली इनर्जी लिमिटेडमा रहेको कम्पनीको संर्पूण शेयरहरू अरूण कावेली पावर लिमिटेडलाई बिक्री गर्ने र सो कारोवार सम्पन्न गर्नका आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव ।

**<u>विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी :</u>**

१. कम्पनीको शेयरधनी दर्ता किताव मिति २०८२।०७।१३ गते बन्द रहने छ र सो मिति सम्म कायम शेयरधनीहरूले सभामा भाग लिन तथा मत दिन सक्नु हुनेछ ।
२. कुनै शेयरधनी स्वंय सभामा उपस्थित हुन नसकेमा प्रोक्सी (प्रतिनिधी) नियुक्त गर्न सक्नुहुनेछ । संस्थागत शेयरधनीको हकमा निजको प्रतिनिधीले सभामा भाग लिन सक्नु हुनेछ ।
३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि अपरान्ह १२:०० वजेसम्म खुल्ला रहने छ । सभामा हाजिरिका लागि परिचय खुल्ने कागजात अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।
४. अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ । यस सूचना कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न पनि सकिने छ ।

आज्ञाले
कम्पनी सचिव